"खानेपानी, सडक, विद्युत, कषि, पर्यटन, सञ्चार, खेलकुद, शान्तिसुरक्षा, स्वास्थ्य र शिक्षा : पौवादुङमाबासीहरुलाई उपलब्ध गराउने गाउँपालिकाको इच्छा ।"

पौवादुङमा गाउँपालिका

गाउँपालिकाको कार्यालय,

च्याङ्ग्रे, भोजपुर

१ नं. प्रदेश नेपाल

## करारमा सेवा लिने सम्बन्धी सार्वजनिक सूचना

(सुचना प्रकाशित मिति २०७५।०७।१२)

पौवादुङमा गाउँपालिकाको लागि पौवा दुङमा गाउँपालिकाका विभिन्न वडाहरुमा रहने गरी **स्थलगत कार्यसंपादन सहयोग कर्मचारी** प्राविधिक (पद) को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक तथा स्थलगत कार्यसंपादन कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको ४.०० बजेसम्म गाउँपालिकाको कार्यालयमा राजस्व तथा दस्तुर रु पाँच सय मात्र फिर्ता नहुने गरी तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.pauwadungmamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

<u>देहाय</u>

| विज्ञापन नंवर | पद | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १ | स्थलगत कार्य संपादन प्राविधिक कर्मचारी | ३ | कार्यक्षेत्रगत शर्त मा विस्तृत खुलाईएकोछ |
| २ | स्थलगत कार्यसंपादन प्राविधिक सहयोग कर्मचारी श्रेणीविहिन (१ महिला र २ पुरुष) | ३ | |

१. नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त भएको ।

२. न्यूनतम योग्यता : विज्ञापन नंवर १ को लागी कक्षा १२ वा प्रविणता प्रमाण पत्र हत उतीर्ण र विज्ञापन नंवर २ को लागी एसएलसी वा एसइइ उतीर्ण भएको ।

३. अनुभवको हकमा कम्तीमा १ वर्षको कार्य अनुभव भएको ।

४. उमेरका हद पुरुष भएमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष र महिला भए ४० वर्ष ननाघेको हुनुपर्ने ।

५. कुनै व्यवसायिक विषयमा वा प्राविधिक विषय वा संवन्धित विषयमा मान्यता प्राप्त निकायवाट तालिम लिएको प्रमाण पत्र भएको ।

६.उम्मेदवारको व्यक्तिगत विवरणका साथ दरखास्तमा पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको प्रमाणित प्रतिलिपिहरु (शैक्षिक योग्यताको प्रतिलिपि, नेंपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कार्यानुभवको प्रतिलिपि, तालिम प्रमाण पत्रको प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न निकायमा आवद्दता भएको भए सो को प्रमाण पत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

७. उम्मेदवार छनौट आधारहरु कार्यक्षेत्रगत शर्तमा विस्तृत रुपमा उल्लेख गरिएकोछ ।

८. पारीश्रमिक गाउँपालिकाले निर्धारण गरेवमोजिम हुनेछ ।

९. ईच्छुक उम्मेदवारहरुले पौवा दुङमा गाउँपालिकाको कार्यालय च्याङग्रे भोजपुरमा दरखास्त वुझाउनु पर्नेछ ।

१०. विज्ञापन नंवर १ को लागी रु ५००। विज्ञापन नंवर २ को लागी दरखास्त शुल्क रु ३००। फिर्ता नहुने गरी वुझाउनु पर्नेछ । दोव्वर दस्तुर वुझाई म्याद थप गरिने छैन ।

११. दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुल्ने दिन दरखास्त वुझाउन सकिनेछ ।

१२. दरखास्त फारम वेवसाईट वाट डाउनलोड गरेर भर्न सकिनेछ तर दर्ता गर्न अगावै दरखास्त दस्तुर वुझाई रसीद समावेश गर्नुपर्नेछ ।

१३.विज्ञापन नंवर २ को लागी महिला वा पुरुष कुन सिटमा आवदेदन गरेको हो आवेदकले सो खुलाउनु पर्नेछ । दुवै तर्फ पेश गर्ने हो भने दस्तुर छुट्टा छुट्टै वुझाउनु पर्नेछ ।

१४. अन्य कुनै कुरा वुझ्न परेमा कार्यालयमा संपर्क राख्न सकिनेछ ।

२०७५।७।१२

शालिकराम भट्टराई

प्रमुख प्रशासकिय अधिकृत